# प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

## हात्तिसार, काठमाण्डौ

## चौथो बार्षिक साधारण सभाको

## निर्णय (माईन्य'ट)

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको चौथो बार्षिक साधारण सभा मिति २०६७।११।१५ गते आइतबार तदनुसार २७ फेब्रूअरी २०११ का दिन दिउसो २:०० बजे कम्पनीको संचालक समितिका अध्यक्ष श्री राजेन्द्र कूमार खेतान ज्यूको सभापतित्वमा राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग काठमाण्डौमा बसी निम्नलिखित एजेण्डा (प्रस्ताव) हरू उपर छलफल गरि निर्णयहरू गरियो ।

१. **उपस्थिती**

क. संचालकहरूको उपस्थिती

| | | |
|---|---|---|
| १. | श्री राजेन्द्र कूमार खेतान | अध्यक्ष |
| २. | श्री गोपिकृष्ण सिकारीया | संचालक |
| ३. | श्री प्रेम प्रकाश खेतान | संचालक |
| ४. | श्री रतन लाल संघई | संचालक |
| ५. | श्री सूमन जोशी | संचालक |
| ६. | श्री मधूसूदन अग्रवाल | सल्लाहकार |
| ७. | श्री नारायण बजाज | स्वतन्त्र संचालक |

ख. पदाधिकारीहरूको उपस्थिती

| | | |
|---|---|---|
| १. | श्री रेष्टा झा | प्रमूख कार्यकारी अधिकृत |
| २. | श्री केशव प्रसाद अधिकारी | प्रमू'ख ( मानव संशाधन तथा प्रशासन |
| ३. | श्री राजन प्रसाद अधिकारी | कम्पनी सचिव |
| ४. | श्री दिप बहादूर वि.सी. | प्रमू'ख - वित्त तथा अनूसन्धान |
| ५. | श्री राकेश प्रसाद पोखरेल | प्रमू'ख - आन्तरिक लेखापरिक्षण |

ग. अन्य आमन्त्रित महानूभावहरूको उपस्थिती

| | | |
|---|---|---|
| २. | श्री सिताराम अग्रवाल | निर्वाचन अधिकृत |
| ७. | श्री नारायण प्रसाद शर्मा | प्रतिनिधी - नेपाल धितोपत्र बोर्ड |

घ. शेयरधनीहरूको उपस्थिती

| | | |
|---|---|---|
| १. | शेयरधनी महानभावहरू स्वयं उपस्थित | १९७ |
| २. | प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित | ११६० |
| ३. | शेयरको प्रतिनिधित्व संख्या | २६,६५,७५७ |
| ४. | शेयर संख्याको उपस्थिती प्रतिशत | ७४.०५ |

२. **छलफलका बिषय (प्रस्ताव) हरू:**

१. चौथो वार्षिक साधारण सभाको लागि सञ्चालक समितीको तर्फबाट अध्यक्षको मन्तव्य तथा प्रतिवेदन प्रस्तूत ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६६।६७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्विकृत गर्ने सम्बन्धमा ।
३. कम्पनीको लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.ब. २०६७।६८ को लागी लेखापरिक्षक नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. स्वतन्त्र सञ्चालक नियूक्तीको अनूमोदन गर्ने सम्बन्धमा ।
५. कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा (कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन) संशोधन गर्ने सम्बन्धमा विशेष प्रस्ताव ।
६. सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना संचालकको निर्वाचन ।
७. विविध ।

## ३. साधारण सभाको सθचना सम्बन्धि जानकारी

यस कम्पनीको चौथो बार्षिक साधारण सभाको सθचना मिति २०६७१०११९ गतेको अभियान राष्ट्रिय दैनिक पत्रिका र मिति २०६७११।८ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको तथा सभाको सθचना सहितको कम्पनीको आर्थिक बर्ष २०६६।६७ को बार्षिक प्रतिवेदन शेयरधनीहरूको उपलब्ध ठेगानामा पठाइएको थियो । साथै चौथो वार्षिक साधारण सभा सम्बन्धि सुचना र वार्षिक प्रतिवेदन यस कम्पनीको ध्भदकष्तभ मा समेत उपलब्ध गराइएको थियो ।

## ४. गणपंरक संख्या

यस साधारण सभामा निम्नबमोजिम शेयरको प्रतिनिधित्व हंने गरी शेयरधनीहरूको उपस्थिति रहेको थियो ।

| कूल शेयर कित्ता | जम्मा शेयरधनी संख्या | स्वयं उपस्थित शेयरधनी संख्या | प्रतिनिधी मार्फत उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयर संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| ३६,००,००० | २५,३३४ | १९७ | ११६० | २६,६५,७५७ | ७४.०५छ |

## ५. सभाको वैधानिकता

यस बार्षिक साधारण सभाको वैधानिकताको सम्बन्धमा कम्पनी सचिवले कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावलीका प्रावधानहरू बमोजिम यो चौथो बार्षिक साधारण सभा बोलाइएको व्यहोरा सभामा जानकारी गराइयो । सभामा उपस्थित भएका सम्पुर्ण शेयरधनीहरू सभामा भाग लिन र मतदान गर्न योग्य थिए । अतः कम्पनी ऐन २०६३ को दफा ७३ अनंसार माथि उल्लेख भए बमोजिम आवश्यक गणपंरक संख्या समेत पंगेको व्यहोरा कम्पनी सचिवले सभा समक्ष प्रस्तंत गर्नंभयो । यसरी सभा संचालनको लागि प्रचलित ऐन कानθन अनंसार आवश्यक गणपंरक संख्या समेत पंगेको व्यहोरा अवगत गराए पश्चात अध्यक्ष ज्यθबाट सभाको कार्यवाही शंरू गरियो ।

## ६. सभाको सभापतित्व र सभा संचालन

यस कम्पनीका संचालक समितिका अध्यक्ष श्री राजेन्द्र कूमार खेतान ज्यθले सभाको सभापतित्व गरि चौथो बार्षिक साधारण सभामा उपस्थित सबै शेयरधनी महानंभावहरूको स्वागत गर्दै कम्पनीको आ.व. २०६६।६७ को बार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तूत गर्नूभयो ।

## ७. छलफलका लागी आव्हान

१) सभा समक्ष सभापती ज्युले संचालक समितिको बार्षिक प्रतिवेदन प्रस्तंत गर्नंभए पश्चात लेखापरीक्षकको प्रतिवेदन सहितको २०६७ आषाढ मसान्तको वासलात तथा आ.व. २०६६।६७ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण समेत उपर छलफल गर्न उपस्थित शेयरधनीहरूलाई अनंरोध गर्नंभयो ।

२) उपरोक्त प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण उपर छलफलको क्रममा देहायका शेयरधनी महानंभावहरूले कम्पनीको बार्षिक प्रतिवेदनसंग सम्बन्धित विभिन्न बिषयहरूमा छलफल गर्नं भई आआफ्नो मन्तव्य, जिज्ञासा तथा संझाब व्यक्त गर्नं भयो ।

| सि.नं. | नाम | सि.नं. | नाम |
|---|---|---|---|
| १ | श्री नरसिंह लाल चखू | २ | श्री उद्धव प्रसाद घिमिरे |
| ३ | श्री मेजर कूवेर श्रेष्ठ | ४ | श्री लवराज जोशी |
| ५ | श्री प्रविन राज श्रेष्ठ | ६ | श्री अशोक उप्रेती |
| ७ | श्री महेन्द्र श्रेष्ठ | ८ | श्री डमरू बल्लभ घिमिरे |
| ९ | श्री रोज कूमार श्रेष्ठ | १० | श्री रामचन्द्र बन्जाडे |
| ११ | श्री कृष्ण प्रसाद अधिकारी | | |

८. **मन्तव्य, जिज्ञासा र सुझावहरू**

उल्लेखित प्रायः सबै वक्ता शेयरधनी महानुभावहरूले आफ्नो बिचार व्यक्त गर्ने क्रममा कम्पनीले गरेको प्रगती उल्लेखनिय रहेको र कम्पनीका सम्पूर्ण पदाधिकारी एवं कर्मचारीको मनोबल तथा कार्यगत क्षमतामा वृद्धि गर्न र कम्पनीलाई अग्रपंक्तिमा पूर्याउनका लागी अमूल्य सुझावहरू समेत प्रदान गर्नु भयो । कम्पनीको प्रगतिका लागी शेयरधनी महानुभावहरूले प्रदान गर्नुभएका उचित सल्लाह र सुझावका लागि सभाका सभापति ज्युले शेयरधनी महानुभावहरू प्रति आभार प्रकट गर्दै प्रश्नहरूको जवाफ सोहि समयमा नै दिनुभयो । सो मध्ये केही प्रश्न तथा सुझावहरू निम्नबमोजिम रहेको र सो सम्बन्धमा सभाका सभापतीबाट दिइएको जवाफहरू निम्नबमोजिम प्रस्तुत गरिएको छ ।

प्रश्नः व्यवसाय प्रवर्द्धन खर्चमा बृद्धि भएको देखिन्छ सो अनुसार कारोवारमा बृद्धि भएको छ छैन ?

उत्तरः यस कम्पनीले जनमानसमा जीवन वीमा सम्बन्धि जागरूकता ल्याई व्यवसायीक कारोवारमा बृद्धि गर्ने नीति लिई व्यवसाय प्रवर्द्धन खर्च गरिआएको छ । जसबाट यस कम्पनीको कारोवारमा उल्लेख्य बृद्धि भएको छ भने यसले जनमानसमा जीवन वीमाको वारेमा सूशिक्षित समेत गराएको छ ।

प्रश्नः कम्पनीले बोनश दर कहिले घोषणा गर्नेछ ?

उत्तरः यस कम्पनीले जीवन वीमाको बोनश दर घोषणाको लागि आवश्यक कार्य अघि बढाइसकेको हूंदा निकट भविष्यमा नैं बोनश दर घोषणा हूनेछ ।

प्रश्नः वि.सं. २०७० सालसम्ममा कम्पनीको चूक्ता पुंजी रू. ५० करोड पूर्याउनको लागि कस्तो योजना छ ?

उत्तरः नियमन निकायको निर्देशन बमोजिम यस कम्पनीको चूक्ता पुंजी रू. ५० करोड पूर्याउनको लागि सञ्चालक समितिले उचित निर्णय गरि शेयरधनीहरूलाई जानकारी गराउने नैं छ ।

**वक्ता शेयरधनीहरूबाट प्राप्त सूझावहरूः**

- कम्पनीका देशभर विभिन्न स्थानमा रहेका विक्री केन्द्रहरूबाट समेत वीमा प्रिमियम संकलन गर्न सक्ने व्यवस्था गर्न उपयूक्त हूने ।
- सामाजिक उत्तरदायित्वको भूमिका निर्वाहलाई अझ बढाउनू उपयूक्त हूने ।
- कम्पनीले जीवन वीमाको क्षेत्रलाई शहरमूखी मात्र रहन नदिई ग्रामिण भेगमा समेत बढाउन उपयूक्त हूने ।
- कर्मचारीहरूलाई तालिम दिइ निजहरूको दक्षतामा अभिबृद्धि गर्नू उपयूक्त हूने । कर्मचारी तालिम खर्चमा कम मात्र रकम खर्च देखिएकोले कर्मचारी तालिमतर्फ व्यवस्थापनले ध्यान दिनू उपयूक्त हूनेछ ।
- कम्पनीका शेयरधनीहरूको जीवन वीमा गर्दा केही छूट दिने व्यवस्था गर्नूहून ।
- वाणिज्य बैंकहरू तथा हाइड्रोपावर कम्पनीहरूको शेयरमा लगानी गर्नू उपयूक्त हूने ।
- अभिकर्ता कमिशन अन्य खर्चलाई कम गर्नू उपयूक्त हूने ।

सभापति ज्युले वक्ता शेयरधनीहरूले उठाएका प्रश्नहरूको जवाफ दिनूभयो भने कम्पनीको हितको लागी प्राप्त उपयूक्त सूझाबहरूको लागी धन्यवाद दिनूभयो । तत्पश्चात चौथो बार्षिक साधारण सभाका लागि निर्दिष्ट गरिएका प्रस्तावहरूका सम्बन्धमा देहाय बमोजिमका निर्णयहरू गरियो ।

९. **सभाका निर्णयहरू**

१. सभामा चौथो बार्षिक साधारण सभाको लागि कम्पनीको संचालक समितिको तर्फबाट अध्यक्षज्युबाट प्रस्तुत प्रतिवेदन पारित गर्नका लागी सभासमक्ष सभापति ज्युले प्रस्ताव पेश गर्नूभएकोमा सर्वसम्मत रूपमा सो प्रतिवेदन पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६७ आषाढ मसान्तको वासलात एवं आ.व. २०६६।६७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरियोस भनी सभाका सभापति ज्युले सभा समक्ष प्रस्ताव पेश गर्नूभएकोमा सर्बसम्मतिद्धारा उक्त प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

३. यस कम्पनीको आ.व. २०६७।६८ को हिसावकिताव लेखापरिक्षण गर्नका लागी कम्पनीको लेखापरिक्षण समितिबाट सिफारिस गरिएका लेखापरिक्षक वरिष्ट चार्टर्ड एकाउन्टेन्ट श्री सशि सत्याल, टि.आर. उपाध्याय एण्ड कम्पनी र लेखापरिक्षण शुल्क रू. १,५०,०००।०० (एक लाख पचास हजार रूपैया) को निर्णय / अनूमोदनको लागी सभापति ज्युले सभामा प्रस्ताव पेश गर्नूभएकोमा सभाबाट सर्वसम्मत रूपमा सो नियुक्ती एवं पारिश्रमिक पारित गर्ने निर्णय गरियो ।

४. यस कम्पनीको स्वतन्त्र सङचालक पदमा सङचालक समितिले वरिष्ट चार्टर्ड एकाउन्टेन्ट श्री नारायण बजाजलाई नियूक्ती गरेकोमा सो नियुक्तीको अनूमोदनको लागि सभापति ज्युले सभा समक्ष प्रस्ताव पेश गर्नूभएकोमा निजलाई स्वतन्त्र संचालक पदमा गरिएको नियुक्तीको सर्वसम्मतबाट अनूमोदन गर्ने निर्णय गरियो ।

५. कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा विशेष प्रस्ताव पेश गरिएकोमा सो संशोधनलाई पारित गर्नका लागी सभापति ज्युले सभा समक्ष प्रस्ताव पेश गर्नूभएकोमा प्रबन्धपत्र तथा नियमावलीमा निम्नबमोजिमको संशोधन गर्ने बिशेष प्रस्ताव सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो ।

**प्रवन्धपत्रतर्फ**
**दफा २ :**
**कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १ मा रहनेछ ।

**नियमावलीतर्फ**
**नियम २ :**
**कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १ मा रहनेछ ।

६. यस कम्पनीको संचालक समितिमा सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना संचालकको निर्वाचन गर्नका लागि नियुक्त निर्वाचन अधिकृत अधिवक्ता श्री सिताराम अग्रवालले सङचालक निर्वाचन प्रक्रिया यस कम्पनीको प्रवन्धपत्र, नियमावली र सङचालक निर्वाचन निर्देशिका २०६७ बमोजिम पू'रा गरि सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने संख्या २ को लागी उम्मेदवारको प्रथम नामावलीमा श्री जय प्रकाश शाह, श्री गोविन्द प्रसाद भट्राई र श्री कूमार केशर विष्ट समेत जम्मा ३ जनाको मनोनयन परेको व्यहोरा जानकारी गराउनूभयो । उल्लेखित ३ जनाको उम्मेदवारी परेकोमा निर्वाचन कार्यक्रम अनूसार श्री जय प्रकाश शाहले आफ्नो उम्मेदवारी फिर्ता लिनूभएकोले आवश्यक २ जना संचालक पदमा निम्नलिखित २ जना उम्मेदवार निर्विरोध निर्वाचित भएको व्यहोरा सभासमक्ष जानकारी गराउनूभयो ।

**सर्वसाधारण शेयरधनीहरूबाट संचालकमा नियुक्त व्यक्तिहरू:**
१. श्री कूमार केशर विष्ट
२. श्री गोविन्द प्रसाद भट्राई

सोही अनु’रूप निजहरूलाई आजैबाट संचालकमा नियुक्ती भएको कूरा सर्वसम्मत रूपमा सभाबाट पारित गरियो । सभाका सभापती तथा सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र कूमार खेतान र प्रमूख कार्यकारी अधिकृत श्री रेष्टा झा ले नवनियुक्त दूवै संचालकहरूलाई बधाई ज्ञापन गर्दै स्वागत गर्नू भयो ।

७. **<u>विविध अर्न्तगत:</u>**

(क) यस कम्पनीमा हालसम्म संस्थापक शेयरधनीको मात्र प्रतिनिधित्व रहेको सञ्चालक समिति रहेकोमा यसै साधारण सभाबाट सर्वसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालकहरूको निर्वाचन गरि २ जना नियुक्त हूनूभएको र यस कम्पनीको संस्थापक शेयरधनीहरूका तर्फबाट समेत हाल कायम रहेका निम्नलिखित ५ जना सञ्चालकहरू आउंदो ४ बर्षको लागि संस्थापक शेयरधनीको तर्फबाट सञ्चालक समितिमा नियुक्त हूने निर्णयको प्राप्त व्यहोरा सभामा जानकारी गराईयो ।

**<u>संस्थापक शेयरधनीका तर्फबाट नियुक्त सञ्चालकहरू:</u>**

श्री राजेन्द्र कूमार खेतान
श्री गोपिकृष्ण सिकारीया
श्री प्रेम प्रकाश खेतान
श्री रतन लाल संघई
श्री सूमन जोशी

विविध अन्तर्गत अन्य कूनै प्रस्तावहरू नभएको ।

१०. **<u>धन्यबाद ज्ञापन</u>**

आजको यस सभामा छलफल गर्ने विषयहरू उपरको छलफल क्रम समाप्त भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरू, संचालक समितिका पदाधिकारीहरू, धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय तथा लेखापरीक्षक लगायत कम्पनीको व्यवस्थापन समूह र सम्पूर्ण कर्मचारीहरू साथै सम्बन्धित सबैलाई सभापति ज्यूले हार्दिक धन्यबाद ज्ञापन गर्नू भयो ।

११. **<u>सभा बिसर्जन</u>**

सभाका सभापतिज्युवाट सभामा उपस्थित सबै शेयरधनी महानुभावहरूलाई वहांहरूको सहभागीता तथा अमूल्य सुझावको लागी आभार प्रकट गर्दै पुन: धन्यवाद ज्ञापन गरि चौथो बार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नू भयो ।

| | |
|---|---|
| ........................ | ............................ |
| **राजन प्रसाद अधिकारी** | **राजेन्द्र कूमार खेतान** |
| **कम्पनी सचिव** | **सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापती** |